# राष्ट्रिय कृषक समूह महासंघ नेपाल

## राष्ट्रिय सचिवालय



## सिरहा जिल्लाको सखुवानन्कारकट्टी गाँउपालिकामा वर्गिकरण सहित किसान परिचय पत्र वितरण

सिरहा जिल्ला सखुवानन्कारकट्टी गाँउपालिकाका किसानहरुको हातमा वर्गिकरण सहितको किसान परिचय पत्र हात हातमा परेको छ । बिगत लामो समय देखि किसान अधिकार प्रति समर्पित रही किसानको पहिचान र समतामूलक व्यवहारको पक्षमा क्रियासिल सिमान्त, भूमिहीन, महिला र साना किसानको अधिकारका क्षेत्रमा कार्यरत किसानहरुको संगठन राष्ट्रिय कृषक समूह महासंघ नेपालको प्राबिधिक सहयोगमा सखुवानन्कारकट्टी गाँउपालिकाले किसानहरुलाई परिचय पत्र बितरण गरेको हो । कृषि ऐनमा पहिचान र वर्गिकरण सहित किसान परिचय पत्र बितरण गरी सेवा सुविधा प्रदान गर्ने कार्यविधि निर्माण गरि गाउँ परिषदबाट अनुमोदन गराएर कार्यविधि अनुसार किसानहरुको घरघरमा पुगी तथ्याङ्क संकलन गरेर किसानको पहिचानका साथ सिमान्तकृत/ भूमिहीन/कृषि मजदुर, साना, मध्यम र ठूला गरि ४ वटा वर्गमा विभाजन गरि गाउँपालिकाले किसान परिचय पत्र किसानको हात हातमा वितरण गरेको हो ।








अहिले सखुवानन्कारकट्टी लगायत कन्काई नगरपालिका झापा, सिरनचोक गाउँपालिका गोरखा सिद्धिचरण नगरपालिका र सुनकोशी गाउँपालिका ओखलढुङ्गामा समेत वर्गिकरण सहित किसान परिचय वितरणको तयारी गरी रहेको छ। सखुवानन्कारकट्टी गाउँपालिका बर्गिकरण सहितको परिचय पत्र किसानहरुलाई उपलब्ध गराउने नेपालको दोस्रो र प्रदेश नं २ को पहिलो पालिका भएकोमा गर्भ गर्दै देशका ७५३ वटै गाउँपालिका नगरपालिकाहरुले स्थानीय कृषि ऐन निर्माण गरि कार्यविधि बनाएर किसानलाई परिचय पत्र दिन सकेमा किसानको सम्मान हुन भएकोले उक्त कार्यको उच्च सम्मान गर्न सकिने केएर नेपालका सहायक निर्देशक मोना शेर्पाले बताइन ।

किसानको अवस्थामा सुधार नआएसम्म देशमा बिकास हुन नसक्ने भएकोले अबको आबश्यकता किसानको सम्मान भएको हुँदा किसानहरुलाई कसैले भुल्न नहुने कुरामा जोड दिंदै महासंघको सहयोग सम्मानजनक रहेको प्रशंसा गर्दै सखुवानन्कारकट्टी गाउँपालिकाले समाजवादको खाका कोर्ने महत्वपूर्ण कार्य गरेकोमा आफूलाई अत्यन्तै खुशि लागेको बताउँदै भाबी दिनमा आफुले सक्दो सहयोग पुऱ्याउने प्रदेश सभाका माननिय अशोक कुमार यादवले आफुले प्रतिवद्धता समेत जाहेर गरे ।



## दिगो खाद्य प्रणालीमा उत्पादक समूह एवं साना किसानको योगदानका सन्दर्भमा सवाल र सिकाई विषयक राष्ट्रिय अन्तर संवाद कार्यक्रम









सीमान्तकृत समुदायको अधिकार । दिगो खाद्य प्रणालीको मूल आधार ॥ भन्ने मुल नाराका साथ राष्ट्रिय कृषक समूह महासंघ नेपाल, राष्ट्रिय भूमि अधिकार मंच नेपाल, सामुदायीक वन उपभोक्ता महासंघ नेपालको संयुक्त आयोजनामा, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, डा। विश्वनाथ पौडेलको प्रमुख आथिथ्यता, राष्ट्रिय कृषक समूह महासंघ नेपालका अध्यक्ष, नवराज वस्नेतको अध्यक्षता, राष्ट्रिय भूमि अधिकार मंच नेपालका महासचिव, वल बहादुर तमाङ्गको संचालनमा दिगो खाद्य प्रणालीमा उत्पादक समूह एवं साना किसानको योगदानका सन्दर्भमा सवाल र सिकाइ विषयक राष्ट्रिय अन्तरसंवाद कार्यक्रम राष्ट्रिय योजना आयोगको सभाहलमा सम्पन्न भएको छ ।

तहगत रूपमा संचालीत स्वतन्त्र सम्वादहरूको मुल संयोजन राष्ट्रिय कृषक समूह महासंघ नेपालले गरेको थियो ।कार्यक्रममा भुमि व्यवस्था, सहकारी तथा गरिवि निवारण मन्त्रालय, अर्थ मन्त्रालय, उर्जा जलश्रोत तथा सिंचाई मन्त्रालय, उद्योग, वाणिज्य तथा आपुर्तित मन्त्रालयबन तथा बातावरण मन्त्रालय, कृषि विभाग, पशुसेवा विभाग, नीति अनुषन्धान प्रतिष्ठान, नेपाल कृषि अनुषन्धान परिषद लगायतका सरकारी निकायका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

फियान नेपाल, साहास नेपाल, सामुदायीक आत्मनिर्भर सेवा केन्द्र, खाद्यका लागि कृषि अभियान लगायतका संस्थाहरुले सिमान्त समुदायमा गरेका कामबारे बताउनु भएको थियो । स्थानीय तहमा भएको छलफलमा आधारित रहि महासंघले राज्यको तर्फबट सम्बोदन गरिनुपर्ने विभिन्न १४ बुदामा सवालहरु सहित सरकारी निकायको ध्यानाकर्ष गराएको थियो ।



## एक दिने किसानको सवाल पहिचान कार्यशाला गोष्ठी

पालिका तहको कृषि ऐनमा समावेशी गरिनुपर्ने किसान तहका सवाल पहिचानको लागि बर्दिया जिल्लाको बाँसगढी नगरपालिका र बढैयाताल गाँउपालिकामा एक एक दिने किसानको सवाल पहिचान कार्यशाला गोष्ठी सम्पन्न भएको छ ।



## पालिकास्तरीय शुभारम्भ तथा परिचय कार्यशाला, प्रयास परियोजना अन्तर्गत पर्यावरणीय कृषि प्रणाली प्रवर्द्धन कार्यक्रम









पालिकास्तरीय शुभारम्भ तथा परिचय कार्यशाला, प्रयास परियोजना अन्र्तगत पर्यावरणीय कृषि प्रणाली प्रवर्द्धन कार्यक्रम कर्णाली प्रदेश अन्र्तगत सुर्खेत जिल्लाको ३ पालिकाहरु (बिरेन्द्रनगर नगरपालिका, भेरिगंगा नगरपालिका र लेकबेसी नगरपालिका)मा र प्रदेश २ अन्र्तगत धनुषा जिल्लाको जनकपुरधाम उप-महानगरपालिकामा पालिका स्तरीय पर्यावरणिय कृषि प्रणाली प्रवर्द्धन कार्यक्रमको सुभारम्भ तथा परिचयात्मक कार्यशाला सम्पन्न भएको छ । प्रयास परियोजना अन्तर्गतको उक्त कार्यशालामा स्थानिय सरकार, सरोकारवाला निकाय, किसान प्रतिनिधि लगाएतको सकृय सहभागिता रहेको थियो ।



## प्रभात फेरी कार्यक्रम

राष्ट्रिय कृषक समूह महासंघ नेपाल, प्रदेश नं. २ कार्यसमितिको अगुवाइमा विभिन्न माग सहित प्रभात फेरी कार्यक्रम सम्पन्न गरेको छ । उक्त कार्यक्रममा प्रदेश नं. २ को कृषि ऐन लागु गरियोस ।, मल खादको सहज आपूर्ति व्यवस्था अभिलम्ब मिलाइयोस ।, दिगो खेती प्रणालीको अभ्यास लागु गरियोस ।, रसायनिक मल र विषादिको प्रतिस्थापन गर्दै प्रांगारिक मल र विषादिको उत्पादन र वितरण प्रणालीको विकास र विस्तार गरियोस ।, जस्ता मागहरु सहित किसानहरु भेला भइ सरोकार वाला निकाय समक्ष भेटघाट समेत गरि अपिल समेत पेश गरिएको छ ।






## खाद्यान्न तथा सरसफाइ सामाग्रीहरु वितरण







राष्ट्रिय कृषक समूह महासंघ नेपालले केएर नेपालको साझेदारीमा लुम्विनी प्रदेशको बाँके र बर्दिया जिल्लामा संचालित कोभिड १९ आपत्कालीन प्रतिकार्य र पुनर्लाभ परियोजना मार्फत खजुरा गाउँपालिका भित्रका कोभिड प्रभावित वपन्न परिवारहरुलाइ खाध्यन्न तथा सरसफाइ सामाग्रि वितरण सुरु भएको छ । लाभग्राहिहरुले १० हजार १ सय १५ बराबरको दाल, चामल, आलु, प्याज, नुन, तेल, साबुन, सरफ लगाएतका विभिन्न १६ वटा खाद्यान्न तथा सरसफाइ सामाग्रिहरु प्राप्त गरिरहेको छन् ।



**४१औं विश्व खाद्य दिवस लाई लक्षित गरी वाग्मती प्रदेश स्तरीय खेतीपातीको व्यवस्था र नीतिगत व्यवस्था सम्बन्धी अन्तरक्रिया कार्यक्रम**

खाद्यको लागि कृषि कार्यक्रमको आयोजना र राष्ट्रिय कृषक समूह महासंघको सहआयोजनमा खाद्यको लागि कृषि अभियानको संयोजकत्वमा ४१औं विश्व खाद्य दिवस लाई लक्षित गरी वाग्मती प्रदेश स्तरीय खेतीपातीको व्यवस्था र नीतिगत व्यवस्था सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।




**१४औं अन्तराष्ट्रिय ग्रामिण महिला दिवस**





राष्ट्रिय कृषक समूह महासंघ नेपालको आयोजना तथा भरतपूर महानगरपालिका , भूमि व्यवस्था कृषि तथा सहकारि मन्त्रालय बागमति प्रदेश र खाध्यका लागि कृषि अभियान को सहकार्य मा आज जिल्ला समन्वय समितिको सभाहल चितवनमा १४औं अन्तराष्ट्रिय ग्रामिण महिला दिवश भव्यताका साथ सम्पन्न गरियो । राष्ट्रिय सभा सरोकार तथा समन्वय समिति कि सभापति माननिय पार्बति रावलको प्रमूख आतिथ्यता मा राप्ति नगरपालिका को प्रमूख प्रभा बराल माणि नगरपालिकाको उपप्रमूख ताराकाजि कूमारि महतो जिसस का उपप्रमूख मूना श्रेष्ठ , बागमति प्रदेशको माननिय सासंद रिना गुरूङ लगायत बिभिन्न संघ संस्था का प्रतिनिधित्वमा ग्रामिण महिलाको अवस्था झल्कने नाटक तथा प्रस्तूति प्रस्तूत गरिएको थियो ।